# सिद्धार्थनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सिद्धार्थनगर, रुपन्देही
### ५ नंबर प्रदेश, नेपाल

प.सं.रोजगार २०७७/०७८ मिति :२०७७।०४।०४

च.नं ३१

**न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सुचना ।**

रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११, रोजगारीको हक सम्वन्धी नियमावली,२०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा १८ वमोजिम आगामी आर्थिक वर्ष २०७७/२०७८ मा स्थानिय तह मातहतमा रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बरावरको न्युनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक व्यक्तिहरुले २०७७ श्रावण ८ देखि २०७७ भाद्र ७ सम्म आफू स्थायी वसोवास गरेको यस नगरपालिका भित्रको सम्वन्धित वडा कार्यालयमा वेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी वडा कार्यालय, रोजगार सेवाकेन्द्र तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ ।

__आवश्यक मापदण्ड तथा जानकारी__

- निवेदकको नागरिकता प्रमाणपत्र प्रतिलिपि (सम्बन्धित वडा तथा नगरपालिका बाहिरको नागरिकता हुने निवेदकको हकमा विवाहदर्ता/बसाईसराइको प्रमाणपत्र प्रतिलिपि),
- पासपोर्ट साईजको फोटो एक प्रति,
- वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा पासपोर्ट नं र देश उल्लेख भएको प्रतिलिपि एक प्रति,
- परिवारका सदस्यसंख्या अनुरुपको पारिवारिक विवरण लगायतको पूर्ण विवरण सहित रितपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक १८ वर्ष पुरा भई ५९ वर्ष ननाघेको व्यक्ति,
- निवेदन दिदाको मितिसम्म न्युनतम १०० दिनको रोजगारीमा संलग्न नभएको व्यक्ति,
- स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिँदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम एकसय दिन रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको,

__नोट__

यदि निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा तपशिल बमोजिमको विवरण निवेदनको बुदाँ नं १५ भन्दा तलको खालि ठाउँमा अनिवार्य रुपमा भर्नुहुन अनुरोध छ ।

देश........................ पासपोर्ट नं. ...........................

विदेशमा गरेको कामसंग सम्बन्धित सीप ................................

विष्णु प्रसाद अर्याल
रोजगार संयोजक

Scanned with CamScanner

# सिद्धार्थनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सिद्धार्थनगर, रुपन्देही
### ५ नंबर प्रदेश, नेपाल

प.सं.रोजगार २०७७/०७८ मिति :२०७७।०४।०५

च.नं. ३०

**विषय : न्यूनतम रोजगारीमा संलग्न हुन ईच्छुक बेरोजगार व्यक्तिहरुको निवेदन संकलन सम्बन्धमा ।**

**श्री वडा कार्यालयहरु(सबै)**

**सिद्धार्थनगर नगरपालिका, रुपन्देही ।**

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) मिति २०७७।०३।३०, च. नं. १७५ को पत्रानुसार रोजगारीको हक सम्बन्धी ऐन,२०७५ को दफा ११,रोजगारीको हक सम्बन्धी नियमावली,२०७५ को नियम ७, प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा १८ तथा नेपाल सरकार (मन्त्रिपरिषद) को तत्कालीन राहत सम्बन्धी मिति २०७७।०१।१४ को निर्णय समेतको आधारमा आर्थिक वर्ष २०७७/०७८ मा यस सिद्धार्थनगर नगरपालिका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान हुने १०० दिनको न्युनतम रोजगारीमा संलग्न हुन चाहाने बेरोजगार व्यक्तिहरुले निवेदन दिने समय २०७७ श्रावण ८ देखि २०७७ भाद्र ७ गते सम्म रहेको जानकारी गराउँदै यसै साथ संलग्न सूचना प्रकाशित गरिदिनुहुन अनुरोध छ । साथै निवेदन दिने अन्तिम मितिसम्म प्राप्त निवेदन वडा कार्यालयमा दर्ता तथा वडा अध्यक्षद्वारा प्रमाणित गरि तपशिल बमोजिमको ढाँचामा मिति २०७७ भाद्र १० गते भित्र रोजागार सेवा केन्द्र सिद्धार्थनगर नगरपालिकामा पठाउनु हुन अनुरोध छ । निवेदनको ढाँचा यसै साथ संलग्न गरि पठाईएको छ ।

**तपशिल :**

| क्र.सं | निवेदकको नाम थर | वडा नं | दर्ता नं | लिङ्ग | जन्ममिति | नागरिता नं | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

**नोट**

**यदि निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा तपशिल बमोजिमको विवरण निवेदनको बुदाँ नं १५ भन्दा तलको खालि ठाउँमा अनिवार्य रुपमा भर्नुपर्ने छ ।**

**देश......................... पासपोर्ट नं. ...........................**

**विदेशमा गरेको कामसंग सम्बन्धित सीप ................................**

विष्णु प्रसाद अर्याल
रोजगार संयोजक

Scanned with CamScanner